भक्तपुर जिल्ला अदालतवाट जारी भएको

## जिन्सीका सवारी साधनहरुको लिलाम वढावढको सूचना

सूचना नं.-२

दोश्रो पटक प्रकाशित मिति -२०७९।१२।२२

प्रस्तुत विषयमा यस अदालतको प्रशासनिक कार्य सन्चालन गर्नको निमित्त हस्तान्तरण भई आएका तपसिलका सवारी साधनहरु जे जस्तो अवस्था छन् सोही अवस्थामा लिलाम विक्रि गर्न लिलाम वढावढका लागि मिति २०७९।१२।२०का दिन समय तोकी मिति २०७९।११।२९ मा प्रथम पटक सूचना प्रकाशित भएकोमा उक्त दिन कोही कसैको दरखास्त नपरी लिलाम हुन नसकेको हुँदा दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संस्था तथा फर्महरुवाट देहायका शर्तहरुको अधिनमा रही डाक वढावढको लागि दरखास्त आह्वान गरिएको वेहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | सवारी नम्वर | मोडेल | . चेसिस नं. | ईन्जिन नं. | उत्पादन वर्ष | डाक वढावढ शुरु हुने न्युनतम मुल्य |
|---|---|---|---|---|---|---|
| १ | वा.१.झ. ८५४० | Indica Xeta Tata | MAT6006319PE41231 | 475SI56EQZP51669 | 2009 | Rs.4,00,000. |
| २ | वा.१व.७४९३ | Discover 125 | MD2DSDLSZZNCL13923 | DSGBNL97297 | 2007 | Rs.15000. |
| ३ | वा.१.व.७८०६ | GLADIATOR | 06G5YY8018892 | 5YY8018892 | 2006 | RS.15000. |

जम्मा कायम न्युनतम मुल्य रु.४,३०,०००।-

शर्तहरु,

- लिलाम वढावढ हुने स्थान, समय र मिति–

( क) स्थान- भक्तपुर जिल्ला अदालत, प्रशासन शाखा (ख) मिति २०८०।०१।०३गते, उक्त दिन सार्वजनिक विदा पर्न गए सोको भोलिपल्ट लिलाम विक्रि हुनेछ। (ग) समय- दिनको २.०० वजे

- लिलाम वढावढ न्युनतम मुल्यवाटै शुरु हुनेछ ।
- डाक वढावढमा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले नेपाली नागरिकताको प्रमाणपत्र, संस्था भए कर चुक्ताको प्रमाणपत्र र नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखी निवेदन दस्तुर रु.१०।–( दश) साथै राखी यस अदालतको स्टोर शाखामा निवेदन वुझाउनु पर्नेछ ।
- निवेदन दर्ता नगराई लिलाम विक्री गरिने मिति समयमा उपस्थित हुने व्यक्ति वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समय सम्ममा निवेदन दर्ता नगराउनेलाई लिलाममा सहभागि गराईने छैन ।
- डाक वढावढमा सहभागी हुन निवेदन दर्ता गराई निर्धारित समयभित्र एउटा मात्र व्यक्ति वा फर्म उपस्थित भए न्युनतम् कायम भएको मुल्यमा लिलाम विक्री गरिने र एक भन्दा वढी व्यक्ति वा फर्म उपस्थित भएमा सहभागीवीच वोल कवोल गराई डाक लिलाम वढावढको प्रकृया अपनाईने छ । सो प्रकृयामा सवैभन्दा वढी अंक डाक वोल्ने व्यक्ति वा संस्थालाई लिलामीमा चढाईएका उक्त सामानहरु लिलाम सकार गरिनेछ ।
- लिलाम वढावढमा सवैभन्दा वढी डाक वोल्नेले कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकम तत्कालै नगदै धरौट राख्नुपर्नेछ ।
- डाक लिलाम सकार गरिलिनेले ७ दिन भित्र वाकि रकम दाखिल गरी रकम दाखिला गरेको मितिले १५ दिन भित्र समान उठाई लैजानु पर्नेछ । ७ दिन भित्र आफुले कवोल गरेको समान फिर्ता लिन नआएमा निजले दाखिल गरेको धरौटी रकम कानून वमोजिम जफत गरिनेछ ।
- लिलामका सामानहरु हेर्न तथा यस सम्वन्धी थप जानकारी लिनुपरे कार्यालय समयभित्र यस अदालतको स्टोर शाखामा सम्पर्क गर्न सकिनेछ ।
- लिलाम सकार गर्ने व्यक्ति तथा फर्मले आफुले लिलाम सकार गरेका सवारी साधनहरुको दर्ता गर्दा लाग्ने नियमानुसारको दस्तुर तथा दर्ता भईसकेपछि सो सवारी साधनहरु प्रयोग गर्न पाउने सुविधा लगायतका सम्वन्धमा नियमानुसार हुनेछ ।सोको जिम्मेवार स्वयम् लिलाम सकार गर्ने व्यक्ति तथा फर्मनै हुनेछ ।